# छारेरोग दिवसका न्यूरोको सचेतामसुलक ऱ्याली




♦ हाम्रोमत संवाददाता

*विराटनगर, १२ चैत*

विश्व छारेरोग दिवसको अवसर पारेर विराटनगरस्थित न्यूरो अस्पतालले सचेतामुलक ऱ्याली निकालेको छ। छारे रोग न्युनिकरण गर्ने उद्देश्यले अस्पतालले शनिबार विहान सचेतनामुलक ऱ्याली निकालेको हो।

न्यूरो अस्पताल परिसरबाट निकालिएको ऱ्याली हस्पिटलचोक, शहिद रंगशाला, जिल्ला प्रशासन चौकबाट मेनरोड, संनसारीमाई स्थान हुँदै नगरक्षेत्रको विभिन्न भागको परिक्रमा गरि अस्पताल परिसरमै पुगेर समापन भएको थियो।

प्रभातफेरीका सहभागिले 'रातो भाले र कालो परेवा चढाएर छारे रोग निको हुँदैन', 'छारे रोग देवीदेउता रिसाएर लाग्ने रोग होइन' र 'औषधि सेवन गरे छारे रोग निको हुन्छ' लगायतका नारा लेखिएका सचेतामुलक प्लेकार्ड बोकेका थिए। प्रभातफेरीमा न्यूरो हेल्थ कलेजका विद्यार्थीहरुका साथै न्यूरो अस्पतालका चिकित्सक, कर्मचारी तथा स्वास्थ्यकर्मीहरु सहभागी रहेको थियो।

छारेरोग औषधि सेवनबाट निको हुने रोग रहेपनि यो रोगका बिषयमा समाजमा ब्याप्त अन्धविश्वास तथा भ्रमहरुका कारण न्युनिकरणमा समस्या देखिएको न्यूरो अस्पतालका न्यूरोलोजिष्ट डाक्टर विरेन्द्रकुमार बिष्टले बताए। 'यसको उपचार गरे निको हुन्छ,' डा.विष्टले भने।

छारेरोग न्युनिकरण गर्ने उद्देश्यले न्यूरो अस्पतालले चैत १३ देखि १८ गतेसम्मका लागि छारे रोग सम्बन्धि निःशुल्क ओपिडी सेवासमेत संचालन गरेको अस्पतालका आउट रिच विभागका कार्यक्रम संयोजक भारत श्रेष्ठले जानकारी दिए। निः शुल्क ओपिडिमा अस्पतालका न्यूरोलोजिष्ट डाक्टर विष्ट सहित, न्यूरो सर्जन डाक्टर यामबहादुर रोक्का र न्यूरो साईक्याट्रिक डाक्टर रंजन थापाले उपचार सेवा दिदै आएका छन्।

विश्वको १ प्रतिशत जनसंख्यामा यो रोग देखिएको तथ्यांकका आधारमा नेपालमा ३ लाख यो रोगका विरामी हुनसक्ने अनुमान गरिएको छ। १० वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकामा यो रोगको प्रभाव बढी देखिएको चिकित्सकहरू बताउँछन्। ३ वर्षसम्म निरन्तर औषधि सेवनबाट यो रोग निको हुने चिकित्सकहरूको भनाई छ। न्यूरो अस्पतालले विभिन्न प्रत्येक वर्ष यस्ता सचेतना मुलक कार्यक्रमहरू गर्ने गरेको अस्पतालले जनाएको छ।

# पूर्वको न्यूरोसेवाका 'गडफादर' डा. विष्ट



विराटनगर, १२ चैत (हाम्रोमत)- डा.विरेन्द्रकुमार विष्ट पूर्वी नेपालमा न्यूरोलोजीका 'गडफादर' भनेर चिनिन्छन्। पूर्वी नेपालका पहाडी जिल्ला, तराई र भारतका धेरै विरामीको उपचार गरेर ख्याति आर्जन गरेका कारण मात्रै होइन, पूर्वमा न्यूरो उपचार सेवाको भरपर्दो विकल्प पेश गरेका कारण पनि डा. विष्टको यस्तो पहिचान बनेको हो।

जन्मथलो विराटनगरलाई नै कर्मथलो बनाएर चार दशकदेखि अनवरत स्वास्थ्योपचार सेवा दिइरहेका उनले हजारौं–हजारलाई बचाएका छन्। उनले आर्जन गरेको सीपले प्रदेश १, मधेश प्रदेश र भारतका हजारौं मानिसको जीवनलाई सहज बनाएको छ। डा. विष्ट पूर्वाञ्चलमा पहिलोपटक न्यूरोलोली सेवा भित्र्याउने चिकित्सक हुन्।

दैनिक औसत ८० देखि सय जना बिरामीलाई सेवा दिँदै आएका उनले २० वर्षको अवधिमा ५ लाखभन्दा बढी बिरामीको सफल उपचार गरिसकेका छन्। हजारौं बिरामीलाई नयाँ जीवन दिएर डा.विष्ट ती बिरामीका परिवारमा खुसीको प्रकाश छर्न सफल छन्। आफ्नै नेतृत्वमा स्थापना भएको न्यूरो अस्पतालमा काम गर्दा डा. विष्ट अस्पताललाई मन्दिर, आफूलाई त्यसको पुजारी र त्यहाँ आउने बिरामीहरुलाई देउता सम्झन्थे। जीवनमा पैसालाई कहिल्यै महत्व नदिएको बताउने उनी राम्रो काम र सेवा गरेमा पैसा आफै प्राप्त हुने बताउँछन्। उनले पूर्वमा न्यूरोलोली सेवा सुरू गर्नुभन्दा अघि यहाँका बिरामी भारतको सिलिगुडी र काठमाडौं जानुपर्ने अवस्था थियो। स्थानीयस्तरमा न्यूरो सेवा सुरू भएपछि त्यो बाध्यता अन्त्य भएको छ। न्यूरो अस्पतालमा सेवा सुरु भएपछि प्रदेश १ र मधेश प्रदेशका बिरामीले न्यूरो सम्बन्धी सम्पूर्ण सेवा यहीँबाट पाउने गरेका छन्।

बुबा गंगाप्रसाद र आमा कृष्णकुमारी विष्टको कोखबाट २०१४ साल माघ १७ गते डा. विष्टको विराटनगरमा जन्म भएको हो। परिवारका एक एक मात्र छोरा उनले विराटनगरको आदर्श उच्च माविबाट एसएलसी उत्तीर्ण गरे। उच्च शिक्षा भारतबाट र सन् १९८९ मा भारतको जम्बु कस्मीरबाट एमबीबीएस गरे। मेडिकल अफिसर भएर स्वदेश आएपछि विराटनगरको कोशी अस्पताल, टिचिङ्ग हस्पिटल र माल्दिभ्समा पनि गएर सेवा गरे। त्यसपछि उनी इङल्याण्ड गए। लन्डनको युनिर्भसिटी कलेज 'पिर स्क्वायर' बाट न्यूरोलोजीमा 'पिजी' गरे थिए। उनले न्यूरोलोजीमा पिजी गरेको सन् १९९९ मा हो। न्यूरोलोजिष्ट भएपछि स्वदेशमै सेवा दिने उद्देश्य विराटनगर आए र आफ्नै लगानीमा १० शैयूयाबाट न्यूरो अस्पताल खोलेर सेवा सुरू गरे। त्यसपछि ५० शैयूया हुँदै अहिले १ सय ५० शैयूयाको अस्पताल रहेको छ। थप विकास गरेर ३ सय शैयूयाको अस्पताल बनाउने योजना रहेको उनले सुनाए। 'आमा सानैदेखि मधुमेहको विरामी हुनुहुन्थ्यो। आमा विरामी भइराख्ने समस्याले गर्दा पनि आफूलाई डाक्टर भएर विरामी सेवा गर्ने इच्छा थियो,' उनले आफ्नो लक्ष्य सुनाउँदै भने, 'डाक्टर भएर स्थानीय स्तरमा विरामीको सेवा गर्ने इच्छा थियो। त्यो पूरा भएको छ।'

बिरामीसँगको उनको सामीप्यता अझ लोभलाग्दो छ। डाक्टरले बिरामीबाट सुनेर, बिरामी छामेर र आँखाले हेरेर पनि जटिलताबारे बुझ्न सक्ने भएकाले यो प्रक्रिया डा.विष्टले अवलम्बन गर्दै आएका छन्। बिरामीका घरायसी पक्ष, रोजगारी, पारिवारिक, आर्थिक अवस्था, व्यक्तिगत तनाव, स्वास्थ्य जटिलता आदिबारे डाक्टरले सुनेपछि बिरामीमा विश्वास बढ्ने उनको बुझाइ छ।

आधुनिक प्रविधिको रिपोर्टमा मात्र पूर्ण भर पर्दा बिरामीको मर्म बुझ्न नसकिने भएकाले निकटता र विश्वास नबढ्ने उनको निष्कर्ष छ। 'एक जना विरामी यहाँ आएका थिए। उनले धेरै ठाउँमा उपचार गर्न गएका थिए। तर, कतै ठिक भएको थिएन। शरिरभरी पेटी बाँधेर ल्याएको थियो। उपचारको लागि धैरे ठाउँ भौतारिएका थिए। कतै सीप नलागेपछि म भएको ठाउँमा आएका थिए। तीन दिन हस्पिटलमा राखेर उपचार गरेपछि ठीक भएर गएका थिए,' उपचार गरेको घटना सुनाउँदै डा. विष्टले सुनाए, 'यस्ता थुप्रै विरामीहरू यसरी निको भएर गएका छन्।'

नेपालमा न्यूरो सेवाका डाक्टर एकदमै कम छन्। डा.विष्ट न्यूरोलोजी सकेर नेपाल फर्किँदा एक जना मात्रै थिए। डा.दिनेशबिक्रम साह पछि दोस्रो न्यूरोलोजिष्ट डा.विष्ट हुन्। अहिले पनि देशभरीमा न्यूरोलोजिष्ट एकदमै कम छन्।

'नेपाल सरकारको तर्फबाट न्युरोलोजी सेवा सम्बन्धि नीतिगत सुधार हुनुपर्ने खाँचो रहेको छ। यसमा साथै न्यूरोलोजी सम्बन्धमा समय-समयमा अन्तर्राष्ट्रियस्तरमा हुने गरेको सेमिनार गोष्ठीहरू नेपालभित्र पनि आयोजना गर्नसके विज्ञहरुको सल्लाह सुझावलाई अवलम्बन गर्न सहज हुने र प्रभावकारी उपाय पद्धतिको विकास हुने थियो,' डा.विष्टले भने, 'न्यूरोलोजी साइन्स राज्यको प्राथामिकताको क्षेत्रमा परेको देखिँदैन। राज्यको तर्फबाट विशेषज्ञ जनशक्ति उत्पादनमा बढावा दिनुपर्ने देखिन्छ। देशमा विज्ञ जनशक्ति भएमा दिनानुदिन बढ्दै गएको न्यूरोलोजीका रोगीहरूलाई सहज र सरल ढंगबाट उपचार सम्भव हुने थियो।' जनचेतामुलक कार्यक्रमहरू स्थानीयस्तरबाट गरिनुपर्ने उनले बताए।

पेशाले चिकित्सक भएपनि डा.विष्ट सामाजिक काममा पनि उत्तिकै सक्रिय छन्। उनी विभिन्न संघसंस्थाहरूमा आवद्ध रहेका छन्। उनी रोटरी क्लब अफ विराटनगर मिड टाउनका पूर्वअध्यक्ष, लायन्स क्लब अफ विराटनगरका पूर्वअध्यक्ष पनि हुन्। उनले सामाजिक संघसंस्थाहरूको माध्यमबाट सामाजिक काम गर्दै आएका छन्।

फुर्सद्मा परिवारसँग रमाइलो गर्न रूचाउने डा.विष्टको दुबै छोराछोरी चिकित्सा क्षेत्रमा छन्। छोरी रोश्नी विष्ट पनि डाक्टर हुन्। छोरा हृतिक विष्ट एमबीबीएस गर्दैछन्। सुप्रवल जनसेवाश्री पदकबाट पनि डा.विष्ट विभूषित बनेका छन्। चिकित्सा क्षेत्रबाट यो पुरस्कार पाउने पाउने डाक्टर विष्ट पहिलो व्यक्ति हुन्।

## पहिलो पृष्ठबाट बाँकी

### करार तथा...

जनतालाई दुःख दिएर होइन उनीहरुको काममा सहयोग गरेर सेवा गर्ने भावना विकास गर्न महासंघलाई आग्रह गरे। बढ्दो महंगीको तुलनामा कर्मचारीले पाउने पारिश्रमिक तथा सेवा र सुविधा न्यून भएको बारेमा सरकार जानकार रहेको भन्दै समयानुकुल सरकारले पारिश्रमिक वृद्धि गर्ने विश्वास दिलाउनुभयो। युद्ध, कोरोना लगायतका परिस्थितिले विश्वबजारमा भएको मूल्यवृद्धिको असर नेपालमा पनि परेको र अहिले असहज अवस्था आएको भन्दै सबै मिलेर त्यसको सामना गर्नुपर्ने उनको भनाइ थियो।

सरकारी कर्मचारीमा असल चरित्र विकास हुनुपर्ने र त्यसमा पनि माओवादीमा आस्था राख्नेहरुमा त्यो चरित्र अझ बढी मुखरित हुनुपर्ने उनको भनाइ थियो।

सम्मेलन उद्घाटन कार्यक्रममा नेकपा माओवादी केन्द्रका प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङले कर्मचारीहरुले जनतामा आशाको सञ्चार गराउनु पर्ने बताए। पेशागत हित र सेवा प्रवाहको विषयलाई केन्द्रमा राखेर विचार प्रवर्द्धन गर्ने काममा कर्मचारीहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उनको भनाइ थियो। शक्तिमा हुँदा उत्साहित हुने र थोरै कमजोर भयो भन्दैमा निराश हुने प्रवृत्ति कर्मचारीहरुमा देखापर्ने गरेको भन्दै देशमा ठूलो परिवर्तन ल्याउन सफल भएको माओवादी केन्द्र कमजोर नभएकोले आफूले आफैंलाई विश्वास गर्न पनि आग्रह गरे। कार्यक्रममा राष्ट्रिय कर्मचारी महासंघका सह संयोजक मोहनमान स्वाँर, मणिरत्न श्रेष्ठ लगायतले कर्मचारीका विविध मुद्दाहरुको विषयमा बोलेका थिए।

महासंघ प्रदेश १ को सम्मेलनले गिताचार्य आचार्य, माधव वास्तोला सचिव र मेनुका दाहाल कोषाध्यक्ष रहेको ५५ सदस्यीय प्रदेश कमिटी निर्वाचित गरेको छ। यस्तै सोही सम्मेलनबाट करार, अस्थायी तथा ज्यालादारी राष्ट्रिय कर्मचारी संगठन प्रदेश १ कमिटी पनि गठन गरेको छ। अस्थायी करार तथा ज्यालादारी कर्मचारीहरुलाई संगठित गरी उनीहरुको पेशागत हित र सुरक्षाका लागि संघर्ष गर्न सविना दाहाल संयोजक र सुरेश कार्की सचिव सहित ३१ सदस्यीय प्रदेश कमिटी गठन गरेको हो। उक्त कमटीले प्रदेशका १४ वटै जिल्लामा जिल्ला कमिटी गठन गरी प्रदेशस्तरीय सम्मेलन आयोजना गर्ने जनाएको छ।

### भारतीय...

साइकलबाट भारतको आसाम घुमिसकेकका उनले अब 'अल इन्डिया' हुँदै विश्वयात्रासम्म निस्कने लक्ष्य राखेको बताएका छन्। सामान्य साइकलमार्फत दैनिक ७० किलोमिटर दूरी यात्रा गरी आएका लुईटेलले गन्तव्यमा पुग्नु मात्र आफ्नो उद्देश्य नभएको जनाउँदै महिला हिंसा नियन्त्रण गर्न तथा स्वच्छ पर्यावरण जोगाउन आफ्नो मुख्य उद्देश्यका बारेमा समेत सचेतना दिँदै आएको बताएका छन्। सूचना, प्रविधिमा स्नातक तहमा अध्ययनरत नेपालीमूलका भारतीय युवा लुइँटेलको साइकलयात्रालाई समाजले प्रोत्साहन दिनुपर्ने खाँचो औंल्याइएको छ।

### परिश्रमले...

सदरमुकाममा तीन तानबाट सुरु गरेको उद्योग अहिले ४० तानमा पुगिसकेको छ। उनले अन्य साथीहरूबाट ठेक्का लिएकासमेत जोड्दा यो संख्या ५० भन्दा बढी पुग्छ। उद्योगमा ढाकाका टोपी, मफलर, साडी, बर्की, चोलो, रुमाल, झोला, टि-सर्ट, दौरा-सुरुवाल, कुर्ता-सुरुवाल र टाईलगायत उत्पादन हुन्छन्। यहाँको उत्पादन कोसेलीका रूपमा पर्यटकले लैजाने गरेका छन्।

'ढाकालाई इलामको पहिचान बनाउन र यहाँको कोसेलीले सधैं पाहुनालाई इलाम सम्झाओस् भन्ने उद्देश्यले नै उद्योगको नाम सम्झना ढाका उद्योग राखेकी हुँ,' उनले सुनाइन्, 'नामअनुसार नै कोसेली पाइने भएकाले पर्यटक र पाहुना यहाँ आउँछन्। कक्षा-७ सम्म गाउँकै स्कूलमा पढेपछि उनलाई सधैं स्कूल जाने 'वातावरण' मिलेन। कुनै न कुनै रूपमा आर्थिक आम्दानीको बाटो समात्नु उनका लागि रहर र बाध्यता नै बन्यो। स्कूले पढाइ त्यहीं बिट मारेर २०५० सालमा काठमाडौं छिरेकी लिम्बूले कटिङ सिक्न पाइनन्। बरु, गलैंचा र ढाका बुन्न सिकिन्। दुई वर्षपछि काठमाडौंको बानेश्वरमा तीन वटा तान भएको ढाका उद्योग सुरु गरेर आफूसहित ३ महिलालाई रोजगारीको अवसर सिर्जना गरिन्। दुई वर्षपछि पुनः इलाम आएर उनले २५ हजार रुपैयाँ लगानीमा ढाका उद्योग खोलेकी हुन्।

उनको उद्योगमा ढाका बुनाइसम्बन्धी आधारभूत र एड्भान्स तालिम पनि दिइन्छ। ३ महिने आधारभूत तालिम लिन २ हजार ५ सय र एड्भान्स लिन ३ हजार रुपैयाँ तिर्नुपर्छ। 'यहाँ तालिम लिएका महिलाले विभिन्न जिल्ला गएर आफैं व्यवसाय गरिरहेका छन्,' उनले भनिन्, 'म आफूले यसबाट गरेको आम्दानीभन्दा ४ सय रुपैयाँभन्दा धेरै उद्यमी उत्पादन गर्न सकेकामा चाहिँ औधी खुसी लाग्छ।' उद्योगमा मासिक ५ देखि ७ लाख रुपैयाँसम्मको कारोबार हुने गरेको छ। उद्योगकै आम्दानीले उनले इलाम सदरमुकाममा २० लाख रुपैयाँ मूल्यको घडेरी जोडिसकेकी छिन्। उद्योगमा धागो किनेर आफैं बुनेका ढाकाको गुणस्तरअनुसार मूल्य पर्छ। उद्योगमा सयदेखि ७ हजार रुपैयाँसम्मका टोपी, ४ हजारदेखि १५ हजार रुपैयाँसम्मका साडी, १ हजार २ सयदेखि ८ हजार रुपैयाँसम्मका दौरा-सुरुवाल, २ हजार ५ सयदेखि ६ हजार रुपैयाँसम्मका कुर्ता-सुरुवाल, ३ सयदेखि ६ सय रुपैयाँसम्मका टाई उद्योगमा उत्पादन हुन्छ।

हजारदेखि २ हजार ५ सय रुपैयाँसम्मको चोलो, ७ सयदेखि ३ हजार रुपैयाँसम्मका बर्की, ५० देखि २ सय रुपैयाँसम्मका ढाकाका रुमाल यहाँ पाइने गरेको उनले बताइन्। 'यहाँ विभिन्न जातजातिका वेषभूषासमेत तयार गर्छौं,' उनले भनिन्, 'मेख्ली, दौरा-सुरुवाल, पटुकी, चोलोलगायत बनाइदिन्छौं।' यहाँका उत्पादन काठमाडौं, पोखरा, बुटबललगायतका जिल्लामा लगेरसमेत बेच्ने गरिएको छ।

उद्योग मन्त्रालयले पनि उनलाई उत्कृष्ट महिला उद्यमीका रूपमा सम्मान र पुरस्कृत गरिसकेको छ। 'सरकारी र गैरसरकारी निकायले यस्ता कलात्मक र सीप खर्च हुने काममा प्रोत्साहन गरिदिए धेरै युवाले देशमै रोजगारी पाउँछन्,' उनको सुझाव छ, 'यस्ता उद्योग सानो लगानीबाट धेरै आम्दानी हुने खालका हुन्छन् तर ढाका उद्योगबाट चाहिँ छिटो आम्दानी खोज्न सकिँदैन, निरन्तरता आवश्यक छ।'

लामो समय वैदेशिक रोजगारीमा गएर फर्केका चुलाचुली-२ का युवक महेश्वर फागो वनेम पनि गाउँमै 'माइपोखरी कागज उद्योग' खोलेपछि आफू त स्वरोजगार बनेकै छन्, गाउँका महिलालाई समेत उनले रोजगारी दिएका छन्। उनले ६ लाख रुपैयाँ लगानी गरेर खोलेको पहाडे कागज उद्योगमा अहिले दिनमै हजारभन्दा बढी प्रति कागज उत्पादन भइरहेको छ।

'दिनभर आफूलाई पनि काम गर्ने ठाउँ भएको छ,' उनले भने, 'अरू ४-५ जनालाई समेत कामको बाटो चाहिँ खुलेको छ।' उनी वैदेशिक रोजगारीका लागि यसअघि साउदी अरब र कतारमा १० वर्षजति बसे। त्यसपछि फर्केर गाउँमा केही समय व्यापार पनि गरे। तर, सोचेजस्तो नभएपछि आफूले कागजको उद्योग खोलेको उनी बताउँछन्। 'विभिन्न कार्यालयमा पहाडे कागजको माग बढिरहेको थाहा थियो,' उनले भने, 'माइपोखरीछेउको आफ्नै करिब २ सय रोपनी जमिनमा खेती गरेको अर्गेलीलाई सदुपयोग गरेर कागज उद्योग खोल्न सके फाइदा हुने अनुमान गरें।' बाहिरबाट पनि प्रतिकिलो ११० रुपैयाँसम्ममा अर्गेली किन्ने गरेको उनले सुनाए। उनले अहिले आफूले उत्पादन गरेको कागज बेच्न कतै धाउनु नपरेको पनि बताए।

'काठमाडौंमा पहाडे कागजको माग भएकाले घरबाटै पठाउने गरेको छु,' उनले भने, 'भर्खरै ३५ हजार वटा पठाएँ।' सरदरमा एउटाको २०-३० रुपैयाँमा कागज विक्री हुने गरेको छ। उद्योगमा खोलेको २ महिनामा अहिलेसम्म करिब लगानी उठिसकेको उनको भनाइ छ।

# म्यादीमा तेब्बरको आवेदन

ताप्लेजुङ, १२ चैत (हाम्रोमत)- ताप्लेजुङमा म्यादी प्रहरीमा आवेदन दिनेको सङ्ख्या अत्यधिक देखिएको। आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि खुलाएको आवदेनमा झण्डै तेब्बर सङ्ख्याले आवेदन दिएका हुन्। जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका अनुसार ६४७ जना म्यादी प्रहरीका लागि आवेदन खुलाएकोमा १ हजार ६०२ जनाको आवदेन परेको छ। म्यादी प्रहरीका लागि आवेदन दिनेमा १ हजार २५५ जना पुरुष रहेका छन् भने ३४७ जना महिला आवेदक छन्।

यसअघिको स्थानीय तह, प्रदेश तथा सङ्घीय निर्वाचनमा म्यादी प्रहरी भएकाहरु धेरैले यसपटक पनि आवेदनदिएको पाइएको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कैलाश अधिकारीकाअनुसार म्यादी प्रहरीका लागि आवेदन दिनेमा पूर्वप्रहरी र नेपाली सेनासमेत रहेका छन्।

यस्तै विदेशमा रहेर सुरक्षा गार्ड (सेक्युरिटी) मा काम गरेकासमेतले आवेदन दिएको प्रहरी निरीक्षक अधिकारीले जानकारी दिए।

गाडी चाहिएमा हामीलाई सम्झनुहोस्
सूर्यकिरण यातायात
विराटनगर–काँकडभिट्टा
गाडी नं. ना ५ख ४६५
सम्पर्क : ९८०७३३७८३२
विराटनगरबाट इटहरी, उर्लाबारी, दमक, बिर्तामोड जानका लागि सधैं दिवा सेवा हामीलाई सम्झनुहोस्।



साथै रिजर्भ गर्नुपरेमा हामीलाई सम्झनुहोस्।




# कांग्रेसका क्षेत्रीय प्रतिनिधि माओवादीमा

विराटनगर, १२ चैत (हाम्रोमत)- विराटनगर-६ का नेपाली कांग्रेसका क्षेत्रीय प्रतिनिधिसहित डेढ दर्जन कार्यकर्ता नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन्।

माओवादीमा प्रवेश गर्नेमा कांग्रेसका क्रियाशिल सदस्य विराटनगर ६ का रविन्द्र मण्डल, सन्तोषकुमार साह, दिपेन्द्र कार्की, नवनित नेभटिया, रितेषकुमार सिंहलगायत छन्।

कार्यक्रममा स्थानीय योगेश अग्रवाल, रोजन भट्टराई, वडा नम्बर १५ का विनोदकुमार साह, वडा नम्बर ६ कै प्रसंग श्रेष्ठ, आर्यन प्रधान, रोशन प्रधान, राजन पौडेल, रविनकुमार घिमिरे र सत्रुधन राजवंशी रहेका पनि माओवादीमा प्रवेश गरेका छन्। उनीहरुलाई विधिवत रूपमा माओवादी केन्द्रमा प्रवेश गराउँदै संघीय सांसद शिवकुमार मण्डलले बधाई ज्ञापन गरेका थिए।

कार्यक्रममा विराटनगर महानगरपालिका माओवादी केन्द्रका नेताहरू भोगेन्द्र यादव, मोहमत आजम अन्सारी, देव यादवलगायतको उपस्थिति थियो।

तपाईले सोचे जस्तै, तपाईले खोजे जस्तै
VISITING CARD
तपाईको व्यवसाय विस्तारको लागि
बनाउने होईन त भिजिटिङ कार्ड



रू. १ /Per pcs
*T & C Apply
mayurdigital022@gmail.com
☎ 021- 576206

नेपाल सरकार
गृह मन्त्रालय
**१ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर, मोरङ**
(प्रबन्ध शाखा)

**सवारी साधन लिलाम बिक्रीसम्बन्धी बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/१२/१३ गते**

१ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरको नाममा रहेका निम्न सवारी साधन जे जस्तो अबस्थामा छन, सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले लिलाम बिक्री सम्बन्धी बोलपत्र खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही वोलपत्र खरिद गर्न हुन सर्वसाधारणको जानकारीको लागी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ व्यक्ति भए पान नं., नागरिकताको प्रमाणित प्रतिलिपी र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.करमा दर्ता भएको दर्ता प्रमाणपत्र, गत आ.ब. सम्मको कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपी सहित बोलपत्र फाराम दस्तुर रू.१,०००|- (एक हजार) मात्र कृषि विकास बैंक विराटनगर शाखा मार्फत राजश्व शिर्षक नं. १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचरको प्रतिलिपि समेत संलग्न राखी सूचना प्रकाशित भएको मिति २०७८।१२।१३ गते देखी १५ औ दिन कार्यालय समयभित्र १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगर प्रबन्ध शाखाबाट खरिद गर्न सकिने छ।
२. आफुले कवोल गरेको बोलपत्र सम्बन्धी कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारीक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारीक व्यक्तिले सहिछाप गरि सिलबन्दी खाम बाहिर १ नं. प्रदेश प्रहरी कार्यालय प्रबन्ध शाखा र माथिपट्टि सूचना नं.उल्लेख गरी सूचना प्रकाशित भएको मितिले १६ (औ) दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्ने छ। तोकिएको दिन समयभित्र दर्ता हुन आएका सबै बोलपत्रहरु सोहि दिनको १४:०० बजे देखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता वा आधिकारीक प्रतिनिधिहरुको रोहवरमा १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरको कार्यालय परिसरभित्र खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाँधा पर्ने छैन।
३. आफुले कवोल गरेको रकमको १० % प्रतिशतले हुन आउने धरौटी वापतको रकम १ नं. प्रदेश प्रहरी कार्यालय लेखा शाखा विराटनगरको कार्यालय कोड नं. ३१४०४१३०१ मा कृषि विकास बैक विराटनगर शाखामा रहेको को.ले.नि.का.को धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा नगद रकम जम्मा गरी सो को सक्कलै भौचर वा ईजाजत प्राप्त बाणिज्य बैकबाट जारी भएको बैक जमानत बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्ने छ।
४. आफुले कवोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्याता दिइनेछ।
५. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर समेत नियमानुसार लाग्ने सबै रकम बुझाई मालसामनहरु उठाई सक्नु पर्नेछ।
६. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्ने बोलपत्रदाताहरुले सवारी साधनको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समय भित्र १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरमा सम्पर्क गरी हेर्न सक्नु हुनेछ।
७. बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमश सोको भोलीपल्ट सोही समयमा हुनेछ।
८. यस सम्बन्धी अन्य कुराहरु बुझ्न चाहेमा यस कार्यालयमा आई बुझ्न सकिने छ।
९. यस सम्बन्धी अन्य कुराहरु आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ अनुसार हुनेछ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

**लिलाम बिक्री हुने सवारी साधनको विवरण :-**

| सि.नं. | बिवरण | सवारी नं. | ईन्जिन नम्बर | चेसिस नं. | मोडेल | न्यूनतम मूल्य | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | टाटा ट्रक | बा १ ग ७५४ | FVQ1-17182 | 359073FVQ113394697D26 | १९९४ | ३,१२,०००|- | दर्ता नहुने |

**Silichong Rural Municipality**
**Office Of The Rural Municipal Executive**
Tamku, Sankhuwasabha
Province No.1

**Invitation for Quotations**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

Contract Identification No: **SRM-SQ-12-078/79**
Date of publication: 2078/12/13

1.***Silichong Rural Municipality, Tamku, Sankhuwasabha*** invites sealed quotations for the construction of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (With PS Item& Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs.(Not refundable) | Remark |
|---|---|---|---|---|---|
| SRM-SQ-12-078/79 | चटेक्मा, नेवाटार, दिलवादोभान सडक निर्माण योजना | 19,93,849.81 | 50,000.00 | 1,000.00 | |

**2. Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Purchase of Bid | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|---|
| चटेक्मा, नेवाटार, दिलवादोभान सडक निर्माण योजना SRM-SQ-12-078/79 | 45 Days after bid opening (2079-02-11) | 30 days beyond Bid Validity Period (2079-03-10) | 2078-12-27 During Office Hour | 2078-12-28, 12:00 Hrs. | 2078-12-28, 13:00 Hrs | Electronics Bid Only. |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Silichong Rural Municipality, Office of the Rural Municipal Executive, Sankhuwasabha , Telephone No. 9752006775 or may visit Rural Municipal Website www.silichongmun.gov.np .
4. A complete set of Bidding Documents may be purchased Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following

Name of the Bank: **Everest Bank, Tamku, Sankhuwasabha (Branch: Silichong)**
Name of Office: **Office of the Silichong Rural Municipality**
Office Account Number: **08400106200011** (Internal Rajaswa Account)
Dharauti Khata Number: **08400106200003**
Office Coad no: **801010410**

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**